# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ बुटवल, कार्तिक २७ गते, २०७५ साल संख्या ८

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग ३

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि (प्रथम संसोधन), २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वासनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ तथा बुटवल उप (१०)–महानगरपालिकाद्वारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ मा नामसारी तथा ठाउँसारी सम्बन्धी प्रावधान नहुँदा नामसारी तथा ठाउँसारीको काम कारवाहीमा अन्यौलता आएको हुँदा देहाय अनुसार संसोधन गरिएको छ।

#### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१. यो कार्यविधिको नाम **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि** (प्रथम **संसोधन), २०७५"** हुनेछ।

१ .२.यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

२ .१. कार्यविधि भन्नाले ,वर्गको निर्माण व्यवासयी इजाजतपत्र सम्बन्धी कार्यविधि "घ" २०७४ लाइ बुझाउनेछ।

#### परिच्छेद २

**कार्यविधिमा देहायको नियम ३ (क) थप गर्ने**

**३ (क) नाम सारी तथा ठाउसारीः** "सम्बन्धित स्थानीय तहको सिफारिस सहित अनुरोध भई आएमा एकाघर परिवारमा नामसारी हुँदा रु. १०००।– र एकाघर परिवार बाहेक नामसारी हुँदा रु. २०००। र ठाउँसारी गर्दा समेत रु. २०००।– दस्तुर लिई नामसारी तथा ठाउसारी गरिनेछ ।

आज्ञाले

प्रमाणीकरण मितिः २०७५/०७/२६

राजेन्द्र सिग्देल

नि. प्रमुख प्रशासकीय अधिकृत